

# असहमतिको मुख थुन्दै

## श्रीलंकामा सञ्चारकर्मीमाथि आक्रमण

एम्नेस्टी
इन्टरनेसनल

‘मेरो मृत्युबाट उठेर मलाई थाहा छ कि तपाईहरूले नियमित खालका हल्लाहरू गर्नुहुनेछ । प्रहरीलाई बोलाउनुहुनेछ र छिटो र विस्तृत अनुसन्धानको आग्रह गर्नुहुनेछ । तर, तपाईले विगतमा दिएका सबै अनुसन्धान र आदेशमा जस्तै यसमा पनि केही हुने छैन ।’

**लसन्था विक्रमातुङ्गेले आफनो मृत्युका बारेमा भविश्यवाणी गर्दै तयार पारेको आत्मवृत्तान्त सन्डे लिडरमा सन् २००९ को ११ जनवरीमा प्रकाशित ।**

श्रीलंकामा सत्यको रिपोर्टिङ गल्ती हुन सक्छ । पत्रकारहरू मारिएका छन् । भौतिकरूपमा आक्रमण गरिएका छन्, अपहरण गरिएका छन् र सरकारी सुरक्षा निकाय र सशस्त्र समूहका सदस्यहरूद्वारा मारिएका छन् । सन् २००६ यता मात्रै कम्तीमा १५ पत्रकार मारिएका छन् र २० भन्दा बढीले देश छोडेका छन् । यसप्रकारका मानवअधिकार उल्लंघनका पीडकहरूलाई कानूनको कठघरामा कहिल्यै पनि ल्याइएको छैन ।

यी आक्रमण पत्रकार वा मानवअधिकार अभियन्तालाई राज्यद्रोह वा सशस्त्र समूह लिबरेसन टाइगर्स अफ तमिल इलम (लिट्टे)लाई समर्थन गरेको भन्ने सरकारी भनाइलाई समर्थन गर्ने गरी भएका छन् । कुनै पनि कुरामा सरकारको बारम्बारको प्रतिक्रियाले अन्तर्राष्ट्रिय जगतमा यसको आधिकारिकतामा नै प्रश्न उब्जाएको छ । तर, श्रीलंकामा यसखालका बारम्बारका भनाइले समर्थन नै पाइरहेका हुन्छन् । यसो नभए पनि प्रोत्साहन पाइरहेका हुन्छन् । सरकारको आलोचना गर्नेलाई भौतिकरूपमा नै आक्रमण गरिन्छ ।

सन्डे लिडर समाचारपत्रका सम्पादक लासान्था

**लासान्था विक्रमासिंगे**



विक्रमातुंगे श्रीलंका सरकारका कडा आलोचक हुन् । काममा जाने क्रममा उनलाई ८ जनवरी २००९ मा गोली हानी हत्या गरियो । घाइते भएको केही समयमा नै उनको मृत्यु भयो । श्रीलंकाको सन्डे लिडर समाचारपत्र निजीकरणको मामिलामा भएका भ्रष्टाचारबारे समाचार लेखनमा प्रख्यात रहेको छ र उसले सरकार र लिट्टेबीचको द्वन्दका क्रममा भएको मानवअधिकारसम्बन्धी ज्यादतीका बारेमा पनि कुरा उठाएको छ ।

उनको हत्या हुनुभन्दा केही समय अघिसम्म लासान्था विक्रमातुंगेले आफ्नै मृत्युको भविश्यवाणी गरी एक समवेदना छपाएका थिए । ‘मानिसहरूले मलाई अक्सर भन्छन् किन मैले यस खालको खतरा मोलिरहेको छु । यो आफू अप्ठेरोमा पर्नुअघिकै गतिविधि हुन् । ‘उनले भनेका छन्- ‘हो, यो कुरा मलाई थाहा छ । यो अविजित रहेको छ । तर अहिले नै हामीले यसबारेमा बोलेनौं भने यहाँ बोल्नका लागि कोही पनि बाँकी रहने छैनन् ।




## युद्धका समयमा प्रेस सेन्सरसिप

सन् १९८३ देखि २००९ सम्म सरकार र लिट्टेबीचको द्वन्दका क्रममा श्रीलंकाको प्रेस स्वतन्त्रतामा नराम्रो असर पर्‍यो । श्रीलंकाका पत्रकार तथा मानवअधिकार रक्षक सुनन्दा देशप्रियाले भने- 'सरकारले पत्रकार वा सञ्चारकर्मीसँग सूचनाको हकसम्बन्धी अधिकार छ भन्ने कुराको पहिचान गर्न अस्वीकार गर्‍यो । यो क्रम सन् २००६ यता युद्धको अन्तिम समयसम्म पनि रह्यो । सरकारले मूठभेड र मृत्युका बारेमा पत्रकारहरूलाई संख्याका बारेमा जानकारी नदिई अवरोध सिर्जना गर्‍यो ।

'यदि तपाईंले श्रीलंकाको समाचारपत्र हेर्नुभयो भने तिनमा अझै पनि सरकारी धारणा सुन्न पाइन्छ,' सुनन्दा देशप्रियाले भने- 'थोरै मात्र तपाईंले आलोचनात्मक धारणा पाउनुहुन्छ ।'



'हरेक मानिसले आफैलाई सेन्सर गरिरहेका हुन्छन् ... तीमध्ये कतिपयले स्वेच्छाले त्यसो गर्छन् किनकि उनीहरूले वास्तवमा नै प्रणालीलाई समर्थन गर्छन् । र, तीमध्ये कतिपयले अनिच्छाका बाबजुद पनि त्यसो गर्दछन् । श्रीलंकामा कुनै पनि प्रेस स्वतन्त्रता छैन ।'

**सुनन्दा देशप्रिया, पत्रकार**

## चुनावपछिको धरपकड

राष्ट्रपतिको निर्वाचन २६ जनवरी २०१० मा सम्पन्न भएपछि सरकारले यसका आलोचक, खासगरी विपक्षी समर्थक र पत्रकारहरूमा कडाइ गर्न थाल्यो । धरपकड असहमति राख्नेउपर केन्द्रित थियो, जसमा गिरफ्तारी, केही प्रमुख समाचारपत्रका सम्पादकहरूलाई ज्यान मार्ने धम्की, ट्रेड युनियनका नेता तथा विपक्षीलाई समर्थन गर्ने सरकारी कर्मचारीहरूलाई समेत ज्यान मार्ने धम्की दिइएको थियो । साथै स्वतन्त्र अनलाइन मिडियामा समेत हस्तक्षेपका काम गरिए ।

## प्रगीथ इक्नालीगोडा



२४ जनवरीमा पत्रकार तथा राजनीतिक विश्लेषक प्रगीथ इक्नालीगोडा राजधानी कोलम्बो नजिकैको होमागामाबाट हराइरहेका छन् । उनी लंका-ई-न्युज कार्यालयबाट जनवरी २४ मा काम सकेर फर्कंलगत्तै बेपत्ता भएका हुन् । स्थानीय बासिन्दाहरूले प्रेसलाई बताएअनुसार नम्बर प्लेटविनाको एउटा सेतो भ्यान सो समयमा उनको घर नजिकै रहेको थियो । उनीसँग अन्तिम सम्पर्क सो दिन ८:३० बजे भएको थियो । त्यसपछि उनको फोनले काम गरेको छैन । र, उनका साथी र परिवारले उनको बारेमा सुन्न पाएका छैनन् । उनले आफू बेपत्ता भएको दिन उनको नजिकको साथीलाई आफूलाई कसैले पछ्याइरहेको बताएका थिए । उनी बेपत्ता भएको कुरा जब उनकी श्रीमतीले स्थानीय होमागामा प्रहरीलाई बताइन्, उनलाई समेत केही घण्टा थुनामा राखियो । प्रगीथ इक्नालीगोडाले २६ जनवरीको राष्ट्रपति निर्वाचनलाई लिएर विपक्षीहरूलाई धम्की दिइएको प्रसंगलाई समेत लिएर राजनीतिक विषयमा रिपोर्टिङ गरेका थिए । प्रगीथ इक्नालिगोडा बेपत्ता भएको यो पहिलो पटक मात्रै थिएन । २७ अगष्ट २००९ मा उनी एउटा समूहद्वारा अपहरणमा परे, जो सेतो भ्यानमा आएका थिए । उनलाई आँखा बन्द गराएर भ्यानमा हालेर लगियो । उनको हात पनि बाँधियो र अज्ञातस्थलतर्फ लगियो । र, भोलिपल्ट रिहा गरियो । श्रीलंकामा सेतो भ्यान धेरै अपहरण र जबर्जस्ती बेपत्ताका घटनामा प्रयोग गरिँदै आएको छ । खासगरी सन् २००६ देखि राज्यका प्रतिनिधि र अर्द्धसैन्य बल जो सरकारी पक्षधर हुन् उनीहरूले सरकारका आलोचकहरूलाई आक्रमण तीव्र पारेका छन् ।

## तत्काल न्याय

एम्नेस्टी इन्टरनेसनल श्रीलंका सरकारलाई पत्रकार र राजनीतिक विपक्षीमाथिको दमन तत्काल बन्द गर्न आह्वान गर्दछ । यो मितिसम्म पत्रकार र सञ्चारकर्मीमाथि भएका मानवअधिकार उल्लंघनका घटनाका दोषीलाई न्यायको कठघरामा ल्याइएको कुरामा एम्नेस्टी इन्टरनेसनललाई कुनै पनि जानकारी छैन । यी हत्याका घटना सन् १९९० देखि नै देखिंदै आएका छन् । पत्रकारलाई लक्षित गर्ने र हत्यासम्म गर्नेहरू अहिलेसम्म पनि दण्डहीनता उपभोग गरिरहेका छन् ।

कभर :

## कृपया श्रीलंकाका राष्ट्रपतिलाई पत्र लेखी आग्रह गर्नुस् :

- सञ्चार क्षेत्रमा हतोत्साहन, जबर्जस्ती, अधिक अवरोध र आक्रमण गर्ने कार्य तत्काल बन्द गरियोस् ।
- पत्रकारविरूद्धका सबै मानवअधिकार उल्लंघनका घटनाको स्वतन्त्र र पक्षपातरहित ढंगले अनुसन्धान सुनिश्चितता गरियोस् र दोषीलाई तत्काल न्यायको कठघरामा ल्याइयोस् ।
- अभिव्यक्ति तथा भेला हुने र संगठित हुने स्वतन्त्रताको सम्मान र संरक्षणका लागि सरकारले प्रतिबद्धता देखाओस् र कति पनि ढिला नगरी धारणा र अभिव्यक्ति स्वतन्त्रताका बारेमा आवश्यक अनुसन्धानका लागि संयुक्त राष्ट्रसंघीय विशेष प्रतिवेदक (स्पेसल रापोर्टर) लाई निम्तो दिइयोस् ।

## कृपया तपाईंको अपील पठाउनुस् :

President Mahinda Rajapaksa
Presidential Secretariat
Colombo 1
Sri Lanka

**Salutation:**
Dear Honourable President Rajapaksa

A HEALTHY ENVIRONMENT IS A HUMAN RIGHT

AMNESTY INTERNATIONAL

एम्नेस्टी इन्टरनेसनल विश्वका १ सय ५० भन्दा बढी मुलुक र क्षेत्रमा मानवअधिकार अभियान चलाइरहेको २२ लाख सदस्य रहेको संस्था हो ।

हाम्रो लक्ष्य भनेको हरेक व्यक्तिले मानवअधिकारको विश्वव्यापी घोषणापत्र र अन्य मानवीय कानुनद्धारा निश्रित मानवअधिकारको उपभोग गर्न पाउन् भन्ने नै हो ।

हामी कुनै पनि सरकार, राजनीतिक विचार, आर्थिक वा धार्मिक चासोबाट स्वतन्त्र छौ र हामी हाम्रो सदस्यता तथा सार्वजनिक चन्दाका आधारमा चलेका छौ ।

May 2010
Index: ASA 37/001/2010

Amnesty International
International Secretariat
Peter Benenson House
1 Easton Street
London WC1X ODW
United Kingdom
www.amnesty.org